

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ २० गते बिहीबार ❑ 5 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सरकार सफल हुन कर्मचारीको ठुलो भूमिका रहन्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकार सफल हुन कर्मचारीको ठुलो भूमिका रहने बताउनुभएको छ।

'संघ, प्रदेश, स्थानीय जुनसुकै तहका कर्मचारी जसले जहाँ बसेर काम गरेपनि सबैले इमान्दारीताका साथ गर्नुपर्छ, जनतालाई सरल र सहज सेवा दिनुपर्छ' उहाँले भन्नुभयो । निजामती कर्मचारी दिवस २०८१ को सन्दर्भ पारेर मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले वुधवार आयोजना गरेको प्रदेश निजामती सेवा, स्थानीय सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो। सरकार असफल हुँदा त्यसको मुख्य जिम्मेवारी सरकारका प्रमुख र राजनीतिक व्यक्तिलाई दिने गरिएपनि सरकारको अंगको रुपमा



रहेका कर्मचारीको कार्यशैली र क्षमतामापनि असफलता झल्किने उहाँले बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो 'सरकारलाई सफल बनाउनु जनप्रतिनिधि र कर्मचारी सबैको ड्युटी हो, आफ्नो ड्युटी प्रति सबै प्रतिवद्ध हुनुपर्छ ।'

कर्मचारीको वृत्तिविकास, न्यायोचित र व्यवस्थित सरुवा लगायतका विषयमा अन्तरक्रियामा सहभागी कर्मचारी संघ, संगठनहरुले चासो राखेका थिए। संघीय निजामती ऐन नबन्दा प्रदेश निजामती ऐन कार्यन्वयनमा समस्या भएको गुनासो उनीहरुको थियो । जवाफमा मुख्यमन्त्री पाण्डेले प्रदेश निजामती सेवा ऐनमा देखिएका तत्काल संवोधन गर्नुपर्ने विषय प्रदेश सभाबाट तत्काल संशोधनको तयारी गरिएको बताउनुभयो । साथै उहाँले संघीय निजामती ऐन निर्माण भएपछि पनि छुटेका विषय औचित्य हेरी संशोधन सहित सम्बोधन गरिने बताउनुभयो ।

प्रदेश कर्मचारी कल्याणकारी कोष स्थापनाका लागि चालु वर्ष प्रदेश सरकारले १ करोड विनियोजन गरेको बताउँदै उहाँले प्रदेश भित्रका स्थानीय तहलाईपनी कोषमा सहभागी गराउने बताउनुभयो । कर्मचारी सरुवा र वृत्तीविकासका सन्र्दभमा उचित मापदण्ड बनाएर लागु गर्ने विषयमा सबै कर्मचारी ट्रेड युनियनलाई एकमत भएर सहयोग गर्नु उहाँले अनुरोध गर्नुभयो ।

प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कर्मचारी ट्रेड युनियनका प्रमुखहरु, जनप्रतिनिधिहरु, मन्त्रालयका सचिवहरु लगायतको उपस्थिति थियो।

## अन्टार्क्टिका पुग्ने पहिलो नेपालीलाई गृह जिल्लामा सम्मान

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ भदौं

अन्टार्क्टिका पुग्ने पहिलो नेपाली भुवनसिंह विश्वकर्मालाई गृह जिल्ला बागलुङमा सम्मान गरिएको छ । अन्टार्क्टिकामा पहिलो टेक्ने नेपाली विश्वकर्मालाई बागलुङ नगरपालिकाले रु २५ हजारसहित प्रशंसापत्र र दोसल्ला ओढाएर सम्मान गरेको हो ।

रु नौ करोड लागतमा निर्माण गरिएको आधुनिक बागलुङ बसपार्क उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेद्वारा विश्वकर्मालाई सम्मान गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । बागलुङ-१४ नारायणस्थानमा जन्मनुभएका विश्वकर्मा सन् १९८६ मा पृथ्वीको दक्षिणी ध्रुव अन्टार्क्टिका महादेशमा पुग्ने पहिलो नेपाली हुनुहुन्छ । उहाँ भारतीय सेनामा कार्यरत हुँदा भारतीय सेनाको अनुसन्धान टोलीका साथ प्राविधिकको रूपमा त्यहाँ पुग्नुभएको थियो ।

प्रसिद्ध प्रबल गोर्खा दक्षिण बाहु दोस्रोबाट सम्मानित र गिनिजबुकमा नाम लेखाउन सफल विश्वकर्माले बागलुङ नगरपालिकाको नाम चिनाउनुभएको नगरपालिकाले जनाएको छ । "बागलुङमा जन्मेर अन्टार्क्टिकामा पुग्ने पहिलो नेपालीका रूपमा देशभर परिचय बनाइसक्दा उहाँको गृह नगरपालिकाले सम्मान गर्न आवश्यक थियो", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "बागलुङ जिल्लाको नाम चिनाउन उहाँको महत्वपूर्ण योगदान छ ।" विश्वकर्मा हाल बुटवल उपमहानगरपालिका-११ मा बस्दै आउनुभएको छ । उहाँका नाममा बुटवल उपहानगरपालिकाले 'भुवनसिंह मार्ग' भनेर सडकको नामाकरण गरेको छ । सम्मान ग्रहणपछि विश्वकर्माले प्रबल गोर्खा दक्षिण बाहु दोस्रोबाट सम्मानित हुँदाभन्दा गृह पालिकाले सम्मान गर्दा धेरै उत्साहित भएको बताउनुभयो । उहाँले गृह नगरले सम्झेर गरेको सम्मानप्रति आफू सदैव कृतज्ञ रहने उल्लेख गर्नुभयो । "नेपालका विभिन्न जिल्लामा सम्मान भइसक्दा बागलुङले सम्झेन भन्ने लाग्दथ्यो, बागलुङ नगरपालिकाले भव्य कार्यक्रमकाबीच सम्मान गरेको छ, जन्मगाउँमा केही गर्नका लागि बागलुङ नगरपालिकासँग सहकार्य गर्नेछु", विश्वकर्माले भन्नुभयो ।

## सरकारको निर्णय लागू गर्नु कर्मचारीको कर्तव्य हो: सभापति देउवा

**रासस**
काठमाडौं, १९ भदौं

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सरकारले गरेका निर्णय कार्यान्वयन गर्नु कर्मचारीको कर्तव्य भएको बताउनुभएको छ।

पार्टी निकट नेपाल निजामती कर्मचारी युनियन (सङ्घ) को स्थापना दिवसका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले कर्मचारी स्थायी सरकार भएकाले सरकारले गरेका निर्णय लागू गर्नु कर्मचारीको कर्तव्य भएको बताउनुभयो।

सभापति देउवाले बहुदलीय प्रजातान्त्रिक प्रणाली र गणतान्त्रिक व्यवस्थाको सम्बन्धमा कांग्रेस र एमालबीच कुनै मतभेद नरहेको बताउनुभयो। उहाँले देशको अवस्था चुनौतीपूर्ण रहेकाले कर्मचारीमा अझ यसको प्रभावपर्ने बताउनुभयो। चुनौतीलाई बुझेर काम गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । सभापति देउवाले कांग्रेस र एमाले मुख्य प्रतिस्पर्धी राजनीतिक दल मुलुकको समस्या समाधानका लागि एक ठाउँमा उभिएको बताउनुभयो । उहाँले मुलुकको राजनीतिबारेमा कुनै चिन्ता नलिइकन सरकारले गरेका निर्णयको कार्यान्वयन गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो।

## श्रीकृष्ण मन्दिर रामबजारमा नि:शुल्क दन्त शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

पोखरा १० मा रहेका श्रीकृष्ण मन्दिर संचालक समिति र श्रीकृष्ण मन्दिर आमा समूहको संयुक्त आयोजनामा बुधबार मन्दिर परिसरमा आयोजना भएको निःशुल्क दन्त शिविरबाट ७५ जना लाभान्वित हुनु भएको छ।

'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं' भन्ने मुल नारा सहित आयोजना भएको शिविरमा पोखराको गण्डकी मेडिकल कलेजको सहयोग रहेको समितिका अध्यक्ष विश्व तण्डुकारले बताउनु भयो । पोखरा-१०, श्रीकृष्ण मन्दिरचोकमा आयोजित शिविरमा बिद्यार्थी देखि ज्येष्ठ नागरिकको समेत सहभागिता रहेको उहाँले जनाउनु भयो।

कलेजका डा.कृष्ण सुवेदी, डा.एन्जीला पुन डा.संजीता ढकाल, डा.नमुना घिमिरे, डा.शंकृपा सिंग्देल, डा. शिवु पोखरेलको सहभागिता रहेको थियो । कार्यक्रममा समितिका सचिव उत्तम गुरुङ, समुहका उपाध्यक्ष गंगा हिताङ, श्रीकृष्ण मन्दिर ज्येष्ठ नागरिक मिलन केन्द्रका संयोजक सोना गुरुङ लगायतको सहभागिता रहेको थियो । समितिले नेपालका चार्डपर्व देखि सामाजिक कार्यमा विभिन्न कार्यक्रमहरु गर्दै आएको अध्यक्ष तण्डुकारले जनाउनुभयो।

## माछापुच्छ्रेका सामुदायिक विद्यालयमा करारमा प्रधानाध्यापक नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

जिल्लाको माछापुच्छ्रे गाउँपालिकाले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि पाँच वर्षका लागि प्रधानाध्यापकको करारमा नियुक्ति गरेको छ । गाउँपालिकाको शिक्षा शाखा र ३८ सरकारी विद्यालयका प्रधानाध्यापकबीच पञ्चवर्षीय करार सम्झौता गरिएको हो ।

गाउँपालिकाले प्रअ नियुक्तिका लागि आवेदन माग गरेको थियो । गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न योग्यता र क्षमताका आधारमा प्रतिस्पर्धाका माध्यमबाट पाँच वर्षका लागि करारमा प्रधानाध्यापक नियुक्त गरेको गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले बताउनुभयो । उहाँले देशमै नमूनाका रूपमा शिक्षा क्षेत्र सुधारका लागि आफूहरूले सुरुआत गरेको बताउनुभयो ।

"पालिकाका सामुदायिक विद्यालयका कार्यरत योग्यता पुगेका शिक्षक र हाल कार्यरत प्रधानाध्यापक समेतबाट आवेदन माग गरेका थियौं । आवेदकको विद्यालय सुधार कार्ययोजनाको प्रस्तुतिसहित विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट पारदर्शी रूपमा नियुक्ति गरेका छौं । सबै जना खुसी हुनुभएको छ", उपाध्यक्ष अधिकारीले भन्नुभयो ।

गाउँपालिकाले आधारभूत तह (१-५) का लागि १८, आधारभूत तह (६-८) का लागि १०, माध्यमिक तह (९-११)का लागि चार र माध्यमिक तह (११-१२)का लागि छजना प्रधानाध्यापकसँग सम्झौता गरेको हो । विद्यालय विकास प्रस्ताव तयारी र प्रस्तुति तथा प्रधानाध्यापक छनोट मापदण्डअनुसारको अङ्कका आधारमा प्रअको छनोट गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले बताउनुभयो ।

प्रधानाध्यापकको विधिपूर्वक छनोट गरी विद्यालयको शैक्षिक प्रशासनमा गुणस्तरीयता, शैक्षिक विकास र उपलब्धि तथा विद्यालयको कुशल व्यवस्थापनका लागि पहिलोपटक प्रतिस्पर्धामा जोड दिइएको उहाँले बताउनुभयो । "विद्यालयका प्रधानाध्यापकको पद विभिन्न कारणबाट अस्थिर हुने, प्रअले पूरा अवधि राम्रोसँग काम गर्ने वातावरण थिएन । पाँचवर्षे सम्झौताले प्रअहरूले आफ्नो विद्यालयमा ढुक्कले काम गर्ने वातावरण बनेको छ । यसबाट पालिकाको समग्र शिक्षा क्षेत्रमा सुधार हुने विश्वास लिएका छौं", अर्यालले भन्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत अर्यालले चालु वर्षमा पालिकाले प्रधानाध्यापक छनोट तथा व्यवस्थापनसम्बन्धी कार्यविधि बनाएको थियो । सोही कार्यविधिलाई टेकेर खुला आवेदनसहित प्रक्रिया सुरु गरिएको अर्यालले बताउनुभयो । प्रधानाध्यापक छनोटका लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पाँच सदस्यीय छनोट मूल्याङ्कन समिति बनाइएको थियो । सो समितिमा गाउँ शिक्षा समितिले तोकेका दुईजना विज्ञ, गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित एकजना सदस्य र गाउँपालिका शिक्षा अधिकृत सदस्यसचिव रहेका थिए ।


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# युनाइटेडको अध्यक्षमा लोक ब.थापा

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौं

युनाइटेड क्लव पोखराको अध्यक्षमा लोक बहादुर थापा निर्वाचित भएका छन ।

क्लवको १५ औं साधारण सभा तथा सातौं अधिवेशनले आगामी कार्यकालका लागी लोक बहादुर थापा सर्वसम्मत रुपमा अध्यक्ष पदमा निर्वाचित भएका हुन । क्लवको वरिष्ठ उपाध्यक्षमा गणेश तिमिल्सिना, प्रथम उपाध्यक्षमा शान्त बहादुर थापा, द्धितिय उपाध्यक्षमा सुर्य बहादुर बानियाँ, महासचिवमा दिनेश सुनार, कोषाध्यक्षमा जयराम आचार्य, सचिवमा सन्तोष कार्की र सह कोषाध्यक्षमा सीमा गुरुङ निर्वाचित भएका छन ।

त्यसैगरी कार्यसमिति सदस्यहरुमा विष्णु कुमार गुरुङ, पुर्ण कुमार श्रेष्ठ, शिव थापा, पदम बहादुर कार्की(बिजय), शान्ति सुवेदी, बुद्ध कार्की, रिम बहादुर क्षेत्री, गणेश खडका र सुरेश थापा निर्वाचित भएका छन ।

युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेल निर्वाचन संयोजक, निवर्तमान अध्यक्ष लालकाजी गुरुङ र पूर्व अध्यक्ष सुक बहादुर गुरुङ सदस्य रहेको निर्वाचन समितिले नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पद तथा सपथ ग्रहण गराएका थिए । यसैविच अधिवेशनको उद्घाटन गर्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति प्राज्ञ सरुभक्त श्रेष्ठले युनाइटेड क्लवले सामाजिक कामको माध्यामबाट आफुलाई अब्बल बनाउन सक्षम भएको वताउदै युवाहरुले चाहेको



खण्डमा कुनैपनि काम सफल हुने वताए ।

युनाइटेड क्लबमा आवद्ध युवाहरुले एकीकृत भइ सामाजिक काम गरेकै कारण क्लब १५ औं साधारण सभा सम्म आइपुगेको समेत वताए । पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुङले युनाइटेड क्लब र समाजसेवा एक अर्काबीच पर्यायबाची शब्द रहेको वताउदै युनाइटेड क्लव पोखरामा स्थापना भएतापनि नेपाल भर सामाजिक काम मार्फत आफुलाई अब्बल बनाउन सफल भएको वताए । विगतमा पनि युनाइटेड क्लब संग सहकार्य गर्दै आइरहेको र आगामी दिनमा पनि सहकार्य गरेरै आफुहरु अगाडी वढ्ने उनको भनाइ रहेको थियो । क्लवका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाइटेड क्लबले लिएको मुख्य एजेण्डा खुल्ला चिडियाखानाले चिडियाखानाको रुपमा नभइ उद्धार केन्द्रको रुपमा बिकास भइरहेको वताउदै त्यस तर्फ सम्बन्धित निकाय प्रति ध्यानाकर्षण गराए । क्लबले स्थापना कालदेखीनै शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटनमा उल्लेखनीय काम गर्दै आइरहेको भएतापनि क्लवले शिक्षाको क्षेत्रमा देशकै नमुनाको रुपमा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी प्राविधिक विद्यालयको थालनी गर्ने र उक्त योजनाको लागि क्लबले ८ रोपनी जग्गा खरिद गरी योजनालाई अगाडी विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्पन्न गरी योजनालाई मूर्त रुप दिनेतर्फ लाग्ने वताए ।

युनाइटेड क्लबका निवर्तमान अध्यक्ष लालकाजी गुरुङले युनाइटेड क्लवमा आवद्ध सम्पुर्ण एकजुट भएर अगाडी वढेकै कारण आज सम्म सफलता पाइरहेको वताउदै आगामी दिनमा पनि सम्पूर्ण एकजुट भएर अगाडी वढ्नुपर्नेमा जोड दिए । त्यस्तै अमरसिंह मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण कोइरालाले युनाइटेड क्लबले पोखरा महोत्सवकै आयोजना गरी सामाजिक काम गर्दै आइरहदा त्यसमा अमरसिंह माविकको समेत प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता रहेको वताए । आगामी दिनमा पनि युनाइटेड क्लब संग सहकार्य गरी आफुहरु अगाडी वढ्ने उनको भनाइ रहेको थियो ।

त्यस्तै समाजकल्याण परिषदका अध्यक्ष राजेन्द्र बहादुर कार्कीले युनाइटेड क्लव पोखरामा अब्बल सामाजिक संस्थाको रुपमा रहेको वताउदै त्यसलाई स्थायीत्व दिन सम्पुर्ण सदस्यहरु लाग्नुपर्नेमा जोड दिए ।

वडा प्रहरी कार्यालय रामबजारका प्रमुख प्रहरी निरीक्षक बिरेन्द्र घिमिरेले युनाइटेड क्लवले सामाजिक काम मार्फत आफुलाई अगाडी बढाउदै लगिरहदा प्रहरी कार्यालयले समेत सामाजिक बिकृती उन्मुलुनका लागि काम गर्ने भएकाले आगामी दिनमा युनाइटेड क्लब र युनाइटेड क्लव वीच सहकार्य गरेर अगाडी वढ्ने प्रतिवद्धता ब्यक्त गरे ।

सल्लाहकारका तर्फबाट क्लवका सल्लाहकार सम्मर बहादुर श्रेष्ठले भैलो खेलेर स्थापना भएको युनाइटेड क्लब १५ औं वार्षिक साधारण सभा सम्म आइपुग्दा सामाज सेवा प्रति गरेको काम उल्लेखनीय रहेको बताए । त्यस्तै क्लबका पूर्व अध्यक्ष सुक बहादुर गुरुङले युवा अवस्थामा प्रवेश गरेको युनाइटेड क्लबले अझै सामाजिक काम मार्फत समाजमा अब्ब्ल काम गर्नेमा आफु विश्वस्त रहेको वताए । सो अवसरमा युनाइटेड क्लबको सुरुवातका दिनहरुमा महत्वपूर्ण भुमिका रही क्लबको उन्नतीलाई सधै आत्मासाथ गर्दै हाल सम्म साथ सहयोग गर्दै आएका क्लबका पूर्व सल्लाहकार विश्व प्रकाश लामिछाने र आजीवन सदस्य शंकर मानन्धरलाई सम्मान गरिएको थियो । सो अवसरमा क्लबका अध्यक्ष राजु श्रेष्ठले अध्यक्षको प्रतिवेदन, कोषाध्यक्ष सुर्य बहादुर बानियाँले कोषाध्यक्षको प्रतिवेदन र महासचिव दिनेश सुनारले महासचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# लामाचौर कप भलिबलमा महिलातर्फ न्यु डायमण्ड र एपिएफ, पुरुषतर्फ पुलिसको जित

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौं

पोखरा लामाचौरमा जारी लामाचौर कप भलिबल प्रतियोगितामा दोस्रो दिन तीन खेल सम्पन्न भएका छन् ।

नव आदर्श सामुदायिक समाज (नाकोड्स) को वार्षिकोत्सव तथा हरितालिका तीजको अवसर पारेर आयोजना गरिएको महिला तथा पुरुष भलिबल प्रतियोगिताको महिलातर्फका दुई खेल सम्पन्न भएपनि पुरुषतर्फ एक खेलमात्रै सम्पन्न भएको छ । महिलातर्फ टिपटप न्यु डायमण्ड युथ स्पोर्ट्स क्लब र एपिएफ क्लबले जित हासिल गर्दा पुरुषतर्फ पुलिसले जित हासिल गरेको छ। पुरुषतर्फको अन्तिम खेल गण्डकी र एपिएफको भने प्रकाश अभाव (लाइट प्रोटेस्ट) कारण रोकिएको छ । पोखरा १९ लामाचौरस्थित इन्द्रराज्य लक्ष्मी माविको भलिबल कोर्टमा भएको महिलातर्फको खेलमा डायमण्डले गण्डकीलाई ३-० को सोझो सेटमा हरायो । पहिलो सेटमा २५-१३ ले हराएको डायमण्डले दोस्रो सेट २५-१६ र तेस्रो सेट २५-१६ ले नै हराउँदै लगातार दोस्रो जित दर्ता गरेको हो । विहान ८ बजे सुरु हुनुपर्ने खेल वर्षाका कारण निकै ढिला गरि सुरु भएको थियो । दुइ खेलबाट डायमण्डको स्पष्ट ६ अंक छ । डायमण्डले यस अघि एभरेष्ट भलिबल क्लबलाई ३-० कै सोझो सेटमा हराएको थियो । दोस्रो खेलमा एपिएफले एभरेष्ट भलिबललाई ३-० कै सोझो सेटमा हराएको छ। एपिएफले पहिलो सेट २५-१० र



दोस्रो सेट २५-११ को फराकिलो अन्तरले पाखा लगायो । अन्तिम सेटमा पनि एभरेष्टलाई २५-१३ ले हराउँन सफल भएको हो । यो संगै एपिएफको पनि स्पष्ट ६ अंक छ। गण्डकी र एभरेष्ट भने अंक विहिन रहेका छन् । चार टिम सहभागि प्रतियोगिता राउन्डरोविन लिगको आधारमा खेलाइएको छ। लिगका अनितम खेलहरु भोलि हुनेछन् । एपिएफ र डायमण्डले फाइनलको यात्रा सुरक्षित गरिसकेका छन् । उता पुरुषतर्फ भएको खेलमा नेपाल पुलिस क्लबले ट्राभल इन्क्वाइरी गलकोटलाई ३-० को सोझो सेटमा हराउन सफल भयो । पुलिसले गलकोटलाई पहिलो सेटमा २५-१२, दोस्रो सेटमा २५-१७ र तेस्रो सेटमा २५-२२ ले हराएको हो। दुई खेलमा जित हासिल गरेको पुलिसको ६ अंक छ । पुलिसले यसअघि गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराएको थियो । दिनको अन्तिम खेलमा गण्डकी र एपिएफ प्रतिस्पार्धा गर्दैगर्दा दोस्रो सेट सकिदा लाइटप्रोटेस्टका कारण खेल रोकिएको छ । उक्त खेलमा दुवै टिमले १-१ सेट जितेका थिए। गण्डकीले पहिलो सेट २५-२२ ले आफ्नो पक्षमा पारेपनि दोस्रो सेट १९-२५ ले गुमाएको थियो । विहान वर्षा भएपछि खेल ढिला गरि सुरु हुँदा अन्तिम खेल हुन नसकेको खेल संयोजक शंकर केसीले जानकारी दिए ।

राउन्ड रोविन लिगको आधारमा खेलाइएको खेलमा स्थगित एपिएफ र गण्डकीको खेल भोलि हुनेछ। यस्तै लिगका अन्य बाँकी खेल समेत भोलि नै हुने केसीले जानकारी दिए । प्रतियोगितामा महिला पुरुष दुवैतर्फ चार-चार टिमको सहभागिता रहेको छ। प्रतियोगिताको शीर्ष दुई टिम फाइनलमा प्रवेश गर्नेछन् । मंगलबारदेखी प्रतियोगिता सुरुभएपनि औपचारि उद्घाटन भने आज (बुधबार) भएको थियो । गण्डकी प्रदेशका डिल्लीराज भट्टले रेफ्रीलाई बल हस्तान्तरण गरि प्रतियोगिताको उद्घाटन गरेका थिए । यस्तै रेफ्री संयोजक टहलसिंह थापा, नेपाल पुलिसकी खेलाडी विनिता बुढाथोकीले सपथ ग्रहण गरेकी थिइन् ।

# तनहुँमा डेङ्गी सङ्क्रमित बढे

पोखरापत्र संवाददाता
तनहुँ, १९ भदौं

तनहुँमा दैनिक डेङ्गी सङ्क्रमित बिरामीको सङ्ख्या बढेको छ । पछिल्ला समय जिल्लाका १० पालिकामध्ये नौ वटामा डेङ्गी सङ्क्रमण देखिएको छ ।

डेङ्गी सङ्क्रमणका बिरामी बढ्न थालेपछि ‘लामखुट्टेको लार्भा खोजौँ र नष्ट गरौं’ अभियानलाई तीव्रता दिइएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ । यतिबेला जिल्लाका सबै पालिकामा सरसफाइ र सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइएको छ । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा हालसम्म एक हजार नौ सय ६० जनामा डेङ्गी सङ्क्रमित पुष्टि भइसकेको छ । सबैभन्दा धेरै आँबुखैरेनी गाउँपालिकामा सङ्क्रमित देखिएका छन् । जसमा एक हजार तीन सय १९ जना रहेको स्वास्थ्य शाखा प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार शुक्लागण्डकीमा दुई सय ३५, व्यासमा दुई सय १९, बन्दीपुरमा एक सय १५, म्याग्देमा ३०, भानुमा १९, देवघाटमा नौ, भीमादमा सात, ऋषिङ तीन र अन्य जिल्लाका चार जना रहेका छन् । डेङ्गी सङ्क्रमितको सङ्ख्या बढ्दै जान थालेपछि सतर्कता अपनाउन थालिएको व्यास नगरपालिका स्वास्थ्य शाखाका प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । उहाँका अनुसार टोल बस्तीमा पुगेर सरसफाइका साथै सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै आइएको छ ।

प्रत्येक घरघरमा पानीका भाँडा छोपेर राख्ने, पानी जम्न नदिने, लामो बाहुला भएका कपडा लगाउने र सुत्दा झुलको प्रयोग गर्न सचेत गराइएको चिकित्सकहरु बताउँछन् । दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालका अनुसार अस्पतालमा अउने बिरामीमध्ये अधिकांश झाडापखाला, ज्वरो र डेङ्गीका बिरामी हुने गरेका छन् ।

# एकताबद्ध रूपमा पार्टी काममा जुट्न प्रधानमन्त्री ओलीको आग्रह

रासस
काठमाडौ, १९ भदौं

प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीले अगाडि सारेको मिसन-२०८४ सफल बनाउनुपर्ने अभिभारा रहेको भन्दै सोहीबमोजिम एकताबद्ध रूपमा पार्टी काममा जुट्न आग्रह गर्नुभएको छ ।

ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आज सम्पन्न भएको पोलिटब्युरो बैठकको समापन गर्दै उहाँले पार्टीलाई स्वतन्त्रतापूर्वक निर्णय गर्नसक्नेगरी सुदृढ, बलियो निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने उद्देश्यका साथ अगाडि बढेको भन्दै पार्टी राजनीतिक वैचारिक र सैद्धान्तिक रुपमा स्पष्ट रहेको बताउनुभयो । अध्यक्ष ओलीले पार्टी शुद्धीकरण र सुदृढीकरणमा जोड दिनुभयो । बैठकमा महासचिव शङ्कर पोखरेलले यस वर्षका लागि तयार गरिएको वार्षिक कार्ययोजनामाथि पोलिटब्युरो सदस्यबाट प्राप्त सुझाव समेटेर सचिवालय बैठकले निर्णय गर्ने सहमति भएको छ । बैठकले समसामयिक महत्त्वपूर्ण १३ प्रस्तावहरू पारित गरेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताउनुभयो । उहाँका अनुसार बैठकले एमालेका अध्यक्ष ओलीको नेतृत्वमा नेपाली कांग्रेससहितको नयाँ सरकार गठन भएको डेढ महिनाको अवधिमा पुँजीबजारमा उत्साहजनक वृद्धि, लामो समयदेखि अवरुद्ध सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति र प्रमाणीकरणजस्ता उपलब्धिले जनतामा आशाको सञ्चार भएको जनाएको छ । प्रस्तावमा भनिएको छ -सामाजिक सद्भाव, रचनात्मक बहस र स्वस्थ प्रतिस्पर्धाजस्ता नेपाली समाजका विशेषताको सम्वर्द्धन गर्न तथा लोकतान्त्रिक संस्कारको विकास गर्न लागिपर्ने सङ्कल्प गर्दछ र सम्बद्ध सबैलाई यसमा योगदान गर्न आह्वान गर्दछ । यस्तै मुलुकका सबै राजनीतिक दलहरुलाई जिम्मेवार र संयमित बन्न एवं देश तथा जनताप्रति उत्तरदायी भूमिकाका साथ अगाडि बढ्न आह्वान गर्दै प्रस्तावमा भनिएको छ -सरकारलाई दूध उत्पादक किसानको बक्यौता रकम तत्काल उपलब्ध गराउन, उखु किसानका समस्या सम्बोधन गर्न, सहकारी र लघुवित्त पीडितका समस्या समाधान गर्न, सहकारीको रकम अपचलनमा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन, जाजरकोट र रुकुमपश्चिममा भूकम्पपछिको पुनर्निर्माणको कामलाई तीव्रता दिन, चाडबाडको मुखमा कालोबजारी, कृत्रिम अभाव र मिसावटका माध्यमबाट उपभोक्ताहरु ठगिने स्थिति अन्त्य गर्न, कर्णाली राजमार्गलगायत बिग्रेभत्केका सडकको यथाशीघ्र मर्मतसम्भारगरी नागरिकको आवागमन सहज र वस्तु तथा सेवाको निर्वाध आपूर्ति गर्न तथा डेङ्गु प्रकोपलाई नियन्त्रण गर्न ध्यानाकर्षण गर्दछ ।

# जलविद्युत् आयोजनाको बाँध निर्माणस्थलमा अजिङ्गर भेटियो



पोखरापत्र संवाददाता
दमौली, १९ भदौं

जिल्लाको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको बाँध निर्माणस्थलमा आज दिउँसो अजिङ्गर भेटिएको छ । आयोजनाको चरण-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणस्थलमा अजिङ्गर भेटिएको हो ।

उक्त अजिङ्गरलाई आयोजनाको वन्यजस्तु संरक्षण व्यवस्थापन योजनाबमोजिम जिल्लास्थित डिभिजन वन कार्यालयसँगको समन्वयमा उद्धार गरिएको जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

उद्धार गरिएको अजिङ्गरलाई डिभिजन वन कार्यालयले सुरक्षित स्थानमा लगेर छोड्ने उहाँले बताउनुभयो ।

दुई दिनअघि पनि व्यास नगरपालिका-२ अमरापुरीस्थित एउटा रूखमा अजिङ्गर भेटिएको थियो । उक्त अजिङ्गरलाई पनि वन कार्यालयले उद्धार गरेको थियो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# कांग्रेसलाई आश्वस्त पार्दै एमाले

नेपाल कम्युनिस्ट पार्टी एमालेको बुधबार सम्पन्न पोलिटव्युरो बैठकले असार १७ गते नेकपा (एमाले) र नेपाली कांग्रेसबीच भएको ७ बुँदे सहमतिअनुसार नयाँ सरकार बनेको डेढ महिनाको अवधिमा पुँजीबजारमा उत्साहजनक वृद्धि भएको निष्कर्ष निकालेको छ । लामो समयदेखि अवरूद्ध संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति र प्रमाणीकरण जस्ता उपलब्धिहरूले जनतामा आशाको सञ्चार भएको एमालेको ठहर छ । मुख्य राजनीतिक दलबीचको यस्तो सहकार्य र संयुक्त सरकारको निर्माण लोकतन्त्रमा यदाकदा मात्रै हुने राजनीतिक परिघटना हो। यससँगै थुप्रै जिम्मेवारी र जोखिम समेत जोडिएका छन् । लोकतन्त्र रक्षाको कठिन विकल्पका रूपमा निर्माण भएको यस सहमतिलाई पार्टी पोलिटब्युरो बैठक हार्दिक स्वागत गर्दछ र मुलुकमा विद्यमान समस्या समाधानका लागि सरकारलाई सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछ,' प्रस्तावमा भनिएको छ ।

त्यस्तै बैठकले नेपाली समाजमा पुँजीका रूपमा रहेको विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बी र संस्कृतिका जनसमुदाय बीचको सहअस्तित्व, सहिष्णुता, पारस्परिक सम्मान र सहयोग नेपाल राष्ट्रका चारित्रिक विशेषता तथा नेपाली समाजका अन्तरनिहित गुणहरूलाई कमजोर पार्ने, समाजमा अस्वस्थता, तिक्तता र नैराश्य भरिदिने एवं सामाजिक सदभाव तथा एकता कमजोर पार्ने प्रवृत्तिहरू देखा परेको भन्दै चिन्ता व्यक्त गरेको छ । विभिन्न विचार, मत र दृष्टिकोण बीच रचनात्मक बहस हुने, राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा हुने एवं असहमति र विरोधलाई मर्यादित, संयमित एवं सभ्य ढंगमा प्रस्तुत गर्ने र उचित विषयलाई राज्यले सम्बोधन गर्ने कुरा लोकतन्त्रका आधार भूत विशेषता हुन् । विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बी र संस्कृतिका जनसमुदायका बीचमा सहअस्तित्व, सहिष्णुता, पारस्परिक सम्मान र सहयोग नेपाल राष्ट्रका चारित्रिक विशेषता तथा नेपाली समाजका अन्तरनिहित गुणहरू हुन्। पछिल्लो समय हाम्रा यी विशेषता र गुणहरूकमजोर पार्ने, समाजमा अस्वस्थता, तिक्तता र नैराश्य भरिदिने एवं सामाजिक सदभाव तथा एकता कमजोर पार्ने प्रवृत्तिहरू देखा परेका छन्। अराजकता लोकतन्त्र होइन र असहिष्णुता सभ्यता होइन ।

'पोलिटब्युरोको यो बैठक सामाजिक सदभाव, रचनात्मक बहस र स्वस्थ प्रतिस्पर्धा जस्ता नेपाली समाजका विशेषताहरूको सम्वर्द्धन गर्न तथा लोकतान्त्रिक संस्कारको विकास गर्न लागिपर्ने संकल्प गर्दछ र सम्बद्ध सबैलाई यसमा योगदान गर्न आह्वान गर्दछ,' प्रस्तावमा भनिएको छ । एमालेले आउँदो चुनाव एक्लै प्रतिस्पर्धा गर्ने प्रतिबद्धता जनाउँदै कुनै मोर्चा वा बामपंथी गठबन्धनमा नलाग्ने भनी कांग्रेसलाई आश्वस्त पार्न खोजेको छादुई ठूला दल मिलेर सरकार बनाएको हुँदा आउँदो चुनावमा भने प्रतिस्पर्धा कांग्रेससंग हुने एमालेको बुझाइ छ । बैठकले माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड कतिपय राजनीतिक दल एवं नेताहरूबाट अभिव्यक्त आवेगपूर्ण अभिव्यक्तिप्रति बैठकको गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

सत्ता पक्ष होस् या विपक्ष, हामी सबै वर्तमान लोकतान्त्रिक प्रणालीका पक्ष नै हौं र यसको रक्षा, विकास र सफलता हामी सबैको दायित्व हो । मुलुकमा अनेकौं चुनौतीहरू छन् र यसलाई सामना गर्ने पनि हामी सबैको साझा दायित्व हो । भूमिका बदलिनासाथ मुलुकको अवस्थालाई हेर्ने दृष्टिकोण समेत बदल्ने द्वैध चरित्र लोकतान्त्रिक आचरणभित्र पर्दैन । यो बैठक मुलुकका सबै राजनीतिक दलहरूलाई जिम्मेवार र संयमित बन्न एवं देश तथा जनताप्रति उत्तरदायी भूमिकाका साथ अगाडि बढ्न आह्वान गर्दछ,' प्रस्तावमा भनिएको छ । यस सरकारप्रति जनताको ठूलो आशा र भरोसा रहेको बैठकको ठहर छ। बैठकले सरकारलाई दूध उत्पादक किसानहरूको बक्यौता रकम तत्काल उपलब्ध गराउन, उखु किसानहरूका समस्या सम्बोधन गर्न, सहकारी र लघुवित्त पीडितका समस्या समाधान गर्न, सहकारीको रकम अपचलनमा संलग्न दोषीहरूलाई कानुनी दायरामा ल्याउन, जाजरकोट र रूकुम पश्चिममा भूकम्पपछिको पुनर्निर्माणको कामलाई तीव्रता दिन, चाडबाडको मुखमा कालोबजारी, कृत्रिम अभाव र मिसावटका माध्यमबाट उपभोक्ताहरू ठगिने स्थिति अन्त्य गर्न, कर्णाली राजमार्ग लगायत बिग्रे भत्केका सडकहरूको यथाशीघ्र मर्मतसम्भार गरी नागरिकहरूको आवागमन सहज र वस्तु तथा सेवाहरूको निर्बाध आपूर्ति गर्न तथा डेंगी प्रकोप नियन्त्रण गर्न ध्यानाकर्षण गरेको प्रस्तावमा उल्लेख छ ।

केन्द्रीय विभागहरूका तर्फबाट तयार गरी गतः साउन ४ गते सम्माननीय प्रधानमन्त्री समक्ष प्रस्तुत गरिएका पार्टीका सुझावहरू तथा 'झुलाघाट-चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' का क्रममा नागरिकहरूबाट प्राप्त गरी तत्कालीन सरकारलाई बुझाइएका मागहरूको योजनाबद्ध, प्रभावकारी र शीघ्र कार्यान्वयनका लागि पनि सरकारको ध्यानाकर्षण गराएको छ । एमालेको नेतृत्वमा सरकार बनेपछि बसेको पोलिटब्युरो बैठकले कांग्रेससँग भएको सहमति कार्यान्वयन हुनेमा आश्वस्त पार्न खोजेको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तीजले कलाकारलाई भ्याइनभ्याइ

**रासस**
गण्डकी, १९ भदौं

गाउँसहरमा तीज पर्वको रौनक छाइरहँदा कलाकार पनि बेफुर्सदिला बनेका छन् । गत असारदेखि तीज गीत सार्वजनिक गर्न उछिनपछिन गरेका कलाकारलाई अहिले देशविदेशका कार्यक्रममा पुग्न भ्याइनभ्याइ छ ।

आयोजकले महिला कलाकारलाई मात्र नभएर पुरुष कलाकारलाई पनि तीजका कार्यक्रममा उत्तिकै महत्व दिएर निम्त्याउने गरेका छन् । कलाकारलाई तीव पर्व कमाइको माध्यम बन्ने गरेको छ । यो वर्ष तीन सयभन्दा बढी तीज गीत सार्वजनिक भए । गायिका विष्णु माझीको ' आइन आमा यो तीजमा...' ले युट्युबमा सार्वजनिक भएको १० दिनमा (मङ्गलबार दिउँसोसम्ममा) एक करोड १३ लाखभन्दा बढी पटक सुनिएको/हेरिएको छ । जुन यो वर्ष युट्युबमा सबैभन्दा बढी 'भ्यूज' पाएको तीज गीत हो । एकातिर युट्युब 'भ्यूज' का आधारमा कलाकारले पैसा पाउँछन् भने अर्कातिर तीजका अवसरमा हुने मेला, उत्सव पनि कलाकारका लागि आयआर्जनको बाटो बन्ने गरेको छ । अन्य गीतलाई थाँती राखेर अधिकांश लोकगायक/गायिकाले यस समयमा तीज गीत सार्वजनिक गर्ने गरेका छन् । पछिल्लो समय विदेशमा रहेका नेपालीले पनि तीज पर्वलाई उल्लासका साथ मनाउने गर्छन् । नेपालबाट चल्तीका गायकगायिकालाई बोलाएर सँगसँगै नाच्नछन् अनि रमाउँछन् ।

गायिका शान्तिश्री परियार, रचना रिमाल, ज्योति मगर र कलाकार करिष्मा ढकाल तीजको मौका पारेर साङ्गीतिक यात्राका क्रममा यतिबेला अमेरिकामा छन् । झण्डै दुई महिने यात्राका क्रममा उनीहरुले अमेरिकाका २१ सहरमा तीज विशेष कार्यक्रम गर्ने तय भएको जनाइएको छ । अमेरिका, बेलायत, अष्ट्रेलिया, जापानलगायत देशमा कलाकार तीज कार्यक्रममा सहभागी भइरहेका छन् । युरोप र अरब देशहरुमा रहेका नेपालीले पनि तीज पर्वमा विविध कार्यक्रम आयोजना गरेका छन् ।

गायक दुर्गेश थापा गत साता अष्ट्रेलिया पुगेर फर्किनुभयो । यसपाली तीज गीत 'बिच्चबिच्चमा-७' सार्वजनिक गरेर चर्चामा आउनुभएका उहाँले एडिलेड र सिड्नीका दुई कार्यक्रममा प्रस्तुति दिएको सुनाउनुभयो । "अहिलेको तीजमा विदेश र नेपालका केही सहरमा प्रस्तुति दिँदैछु", उहाँले भन्नुभयो, "चाडपर्वका बेला कलाकारलाई पनि भ्याइनभ्याइ हुन्छ, अहिले कलाकार धानिने भनेकै यस्तै कार्यक्रमले हो ।" गायक थापाले यही २० गते बागलुङ र २१ गते तीजका दिन पोखराको लामाचौरमा हुने तीज महोत्सवमा प्रस्तुति दिनुहुनेछ । गायिका समीक्षा अधिकारी, गायक रामजी खाँडलगायत कलाकार पनि तीज विशेष साङ्गीतिक कार्यक्रमका लागि यतिबेला जापानमा छन् । नागोया, फुकोआकालगायतका जापानका विभिन्न सहरमा आफूहरुको प्रस्तुति रहने गायिका अधिकारीले जानकारी दिनुभयो ।

गायक श्रीकृष्ण बम मल्ल तीज विशेष कार्यक्रमका लागि बेलायत पुग्नुभएको छ । गायिका लक्ष्मी मल्ल मल्लले यतिबेला हङकङ हुनुहुन्छ । गायिका कोमल वली, देवी घर्ती, गायक पशुपति शर्मालगायत कलाकारले पनि तीजका अवसरमा अष्ट्रेलियाका विभिन्न सहरमा प्रस्तुति दिइरहेका छन् । विदेश जान नपाएका कलाकार स्वदेशकै विभिन्न ठाउँका कार्यक्रममा पुगिरहेका छन् । बलेवा सेवा समाज जापानका सचिव अर्जुन लामिछानेले जापानमा रहेका नेपाली सङ्घसंस्थाले दिदीबहिनीहरु बोलाएर दर खाने, शुभकामना आदानप्रदानसहित तीज पर्व मनाउने गरेको बताउनुभयो । "नेपाली बस्ने अधिकांश सहरमा तीजको कार्यक्रम हुन्छ, नेपालबाट कलाकार बोलाएर साङ्गीतिक कार्यक्रम गर्ने क्रम पनि पछिल्लो समय बढ्दो छ", उहाँले भन्नुभयो, "प्रवासमा रहेका महिलालाई तीज पर्वको न्यास्रो नलागोस् भनेर भनेर यस्ता कार्यक्रम गर्ने गरिएको छ ।"

# बस र एम्बुलेन्स ठोक्किदा तीन घाइते

**पोखरापत्र संवाददाता**
पर्वत, १९ भदौं

पर्वतको कुश्मा नगरपालिका-४ घुम्तीस्थित मध्यपहाडी लोकमार्गको कुश्मा-बागलुङ खण्डमा यात्रुवाहक बस र एम्बुलेन्स ठोक्किदा तीन जना घाइते भएका छन् ।

नारायणगढबाट आज बागलुङतर्फ जाँदै गरेको बा प्र ०६-००१ ख ०३०० नम्बरको बस र म्याग्दीबाट पोखरा जाँदै गरेको जलजला गाउँपालिका पर्वतको ग १ झ ६९५ नम्बरको एम्बुलेन्स ठोक्किएका हुन् । घाइते हुनेमा एम्बुलेन्समा सवार कुश्मा नगरपालिका-१ की ४५ वर्षीया भगवती क्षेत्री, ४९ वर्षीया केशरी अधिकारी र ५२ वर्षीया गीताकुमारी क्षेत्री रहेको प्रहरीले जनाएको छ । घाइतेमध्ये भगवती क्षेत्रीको अवस्था गम्भीर रहेको छ । उहाँलाई थप उपचारका लागि पोखरा पठाइएको र अन्य दुईको पर्वत अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । पर्वतको जलजला गाउँपालिका-७ की ५५ वर्षीया महिला बिरामी भई पोखरा लैजाने क्रममा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायव उपरीक्षक खुमलाल भुसालले जानकारी दिनुभयो । दुईवटै सवारीसाधन र सवारी चालक प्रहरीको नियन्त्रणमा रहेका छन् । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# वयस्क पोथी चितुवा फेला, उद्धारमा समस्या

**पोखरापत्र संवाददाता**
गोरखा, १९ भदौं

गोरखा नगरपालिका-१०, स्थित विरिञ्चोकमा बुधबार पोथी चितुवा फेला परेको छ ।

विरिञ्चोक नजिकै खोल्सीमा वयस्क चितुवा भेटिएको डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शालिण्यले जानकारी दिनुभयो । "हेर्दाखेरी वयस्क पोथी चितुवा खोल्सीमा बसिरहेको अवस्थामा फेला परेको हो", उहाँले भन्नुभयो, "दिउँसोदेखि एक ठाउँबाट अर्को ठाउँमा हलचलसमेत नगरेकाले चितुवा घाइते अवस्थामा रहेको अनुमान गरिएको छ ।" स्थानीयवासीले जानकारी दिएलगत्तै वन कार्यालयबाट एक टोली खटिएर चितुवाको निगरानी गरिरहेको उहाँले बताउनुभयो । "दिनैभरि चितुवा यताउता गरेको छैन", उहाँले भन्नुभयो, "मानिस जम्मा भएर हल्लाखल्ला गर्दा चितुवा नभागेको तर अनुहार हेर्दा बलियो र फूर्तिलो अवस्थामा देखिन्छ ।"

# एमफिल उत्तीर्ण सापकोटालाई भद्रकाली क्याम्पसमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं



पब्लिक क्याम्पस प्राध्यापक संघ भद्रकाली बहुमुखी क्याम्पस इकाई समितिले क्याम्पसका सहायक प्रमुख नारायणप्रसाद सापकोटालाई बुधवार सम्मान गरेको छ ।

सापकोटाले अग्रेजी विषयमा एमफिल (दर्शनाचार्य) गर्नुभएकोले इकाई समितिले सम्मान गरेको हो । सोही कार्यक्रममा सापकोटाले सोधपत्रको वारेमा साक्षात्कार गर्नुभएको थियो । भद्रकाली बहुमुखी क्याम्पस प्रमुख नवराज रेग्मीले सम्मानित सापकोटा प्राज्ञिक उन्नयन रहेको चर्चा गर्नु भयो । थप उन्नयनको लागि अझै अगाडि बढ्न प्रमुख रेग्मीले अनुरोध गर्नु भयो । पब्लिक क्याम्पस प्राध्यापक संघ भद्रकाली बहुमुखी क्याम्पस इकाई समितिका अध्यक्ष बुद्धिसागर सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा इकाईका सचिव शुक्रराज सुवेदीले संचालन गर्नुभएको थियो ।

# ढोरपाटनमा सिकार खेल्न टेण्डर खुला

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ भदौं

यस वर्षको पहिलो सिकार यामका लागि ढोरपाटन सिकार आरक्षणले टेण्डर खुलाएको छ । आगामी असोजदेखि हुने सिकार यामका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकार खेल्न चाहने सिकारीका लागि टेण्डर खुलाएको हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पहिलो सिजनका लागि १२ वटा नाउर, आठ वटा झारल र नं टेण्डर खुलाइएको ढोरपाटन सिकार आरक्ष कार्यालय बागलुङका प्रमुख वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिनुभयो । टेण्डरको म्याद १५ दिनको हुने र सबै प्रक्रिया पूरा भएपछि अर्को महिनादेखि सिकार सुरु हुने उहाँको भनाइ छ । धेरै महँगो र साहसिक हुने हुँदा धेरै जसो विदेशी सिकारी ढोरपाटन सिकार आरक्षको विभिन्न ब्लकमा आएर सिकार खेल्ने उहाँ बताउनुहुन्छ । टेण्डर प्राप्त गर्ने संस्थाले नेपाली तथा विदेशी सिकारी ढोरपाटन लैजाने प्रमुख कँडेलको भनाइ छ । ढोरपाटनमा प्रत्येक वर्ष पहिलो सिजन असोज-मङ्सिर र दोस्रो सिजन फागुन-वैशाखमा सिकार याम सुरु हुने उहाँले बताउनुभयो । उहाँका अनुसार गत वर्ष सिकार आरक्षणबाट रु चार करोड ४८ लाख १५ हजार राजस्व सङ्कलन भएको थियो । बागलुङ, पूर्वी रुकुम र म्याग्दी गरी तीन जिल्ला फैलिएको सिकार आरक्षणलाई सिकार खेल्नका लागि सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिबाङ र घुस्तुङ ७ ब्लकमा विभाजन गरिएको छ । यस आरक्षणमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् भने नाउर, झारल, थार र हिमाली भालु पाइन्छन् । यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत एक सय ६४ प्रजातिका चरा पाइने सिकार आरक्षण कार्यालयले जनाएको छ ।

# बडिगाडमा 'डाइलाइसिस' सेवा सञ्चालनको तयारी

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ भदौं

बडिगाड गाउँपालिकाले मिर्गौलाको बिरामीका लागि डाइलाइसिस सेवा सुरु गर्ने भएको छ । यसका लागि बडिगाड -५ ग्वालीचौरमा रु १८ करोडका लागतमा १५ शय्याको अस्पताल भवन निर्माण भइसकेको छ । नवनिर्मित उक्त भवनबाट आगामी कात्तिकदेखि सेवा सञ्चालन गर्ने तयारीमा गाउँपालिका जुटेको जनाइएको छ । यसबाट विशेषगरी गलकोट र ढोरपाटन नगरपालिकासहित बडिगाड, तमानखोला र निसीखोला गाउँपालिकाका बिरामी लाभान्वित हुनेछन् । धवलागिरि अस्पतालमा मात्रै सो सुविधा रहेकामा बडिगाडमा पनि डाइलाइसिस सेवा सञ्चलनसम्बन्धी बडिगाड गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएको छ ।

केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठ र बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीबीच डाइलाइसिस सेवा दिने विषयमा सम्झौता भएको बडिगाड गाउँपालिकाले जनाएको छ । सम्झौताअनुसार बडिगाड अस्पतालमा प्रत्योपण केन्द्रले चिकित्सक र स्वास्थ्यकर्मी परिचालन एवं अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्ने जनाइएको छ ।

यसबाट बागलुङ पश्चिमका साथै गुल्मी, रुकुम र रोल्पाका जनताले सहज सेवा पाउने बडिगाड गाउँपालिका अध्यक्ष अधिकारीले बताउनुभयो । बडिगाडले सबै वडामा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सामान्य रोगको उचार गर्दै आएको छ ।


# कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१ भाद्र २० गते**

उपरोक्त विषयका सम्बन्धमा तपसीलमा उल्लेखित ऋणीले यस संस्थाबाट व्यावसायिक शीर्षक अन्तर्गत ऋण लिनु भएकोमा उक्त कर्जाको समयमा बुझाउनु पर्ने किस्ता र ब्याज नबुझाई कर्जाको साँवा र व्याज नियमित रुपमा भुक्तानी गर्न पटक पटक फोन सम्पर्क, भेटघाट र चिठ्ठीपत्र ताकेता गर्दा समेत ऋण लिँदाको समयमा संस्था बीच गरिएको शर्त कबुलियतनामाको उल्लङ्घन गर्नु भएकाले यस संस्थाको कर्जा भुक्तान गर्न यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस संस्थाको सम्पर्कमा आई आफुले लिएको कर्जाको बुझाउनुपर्ने साँवा, व्याज र हर्जना चुक्ता भुक्तानी गर्नुहोला । अन्यथा सो मितिभित्र ऋण भुक्तानी नगरेमा धितो सुरक्षणवापत संस्थाको नाउँमा लेखी लेखाइदिएको धितो र कथम् कदाचित सो धितोबाट सम्पूर्ण संस्थाले लिने रकम असुल उपर हुन नसकेमा कानुनबमोजिम कारबाही गरी सम्बन्धित ऋणीको एकाघरको सँगोलका अंशियाराहरुको नाउँमा रहेको चलअचल सम्पत्तिबाट समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश पोखरा महानगरपालिका सहकारी ऐन २०७५ को दफा ५७ को उपदफा १ अन्तर्गत रही संस्थाको ऋण तथा असुली नीति तथा अन्य सम्बद्ध प्रचलित ऐन कानुन बमोजिम धितो लिलाम बिक्री गरी संस्थाले आफ्नो असुल उपर गर्नेछ तथा सो मितिभित्र ऋण भुक्तानी नगरेमा ऋणीको तीन पुस्ते विवरण र फोटो सहित कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम उल्लेख गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा एवम् सो विवरण संस्थाको सूचना पाटीमा साथै सामाजिक सञ्जालमा प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ ।

**ऋणीको तीनपुस्ते विवरण**

**नाम : बिमल गुरुङ**
बाबुको नाम : समसेर गुरुङ | बाजेको नाम : खिमबहादुर गुरुङ
स्थायी ठेगाना : वालिङ न.पा. - ०४, स्याङ्जा | हालको ठेगाना : पोखरा म.न.पा.-१७ कास्की
ना.प्र.न. १४५८१ (जारी मितिः २०६०।११।१७ जि.प्र.का स्याङ्जा)

**जग्गाको विवरणः**

| जग्गा धनीको नामः बिमल गुरुङ | जिल्ला/ गा.वि.स./न.पा | वडा नं. | सिट.नं. | कि.नं | क्षे.फ. व.मि. | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कास्की पोखरा म.न.पा. | १७ | ०९३१०८००६ | २३७ | ९६.०० (वंग मिटर) | शहरी २ ख | |

**टक्सार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१७, विरौटा**

# पर्वत अस्पतालमा पाँच वर्षदेखि भेन्टिलेटर र आइसीयू प्रयोगहीन

**पोखरापत्र संवाददाता**
पर्वत, १९ भदौं

आवश्यक दक्ष जनशक्ति अभावमा पर्वत अस्पतालमा रहेका करोडौँ मूल्यका अत्याधुनिक भेन्टिलेटर र आइसीयू प्रयोगविहीन बनेका छन् ।

अस्पतालमा पाँच शय्य आइसीयू र सातवटा भेन्टिलेटर छन् । तर भेन्टिलेटर आवश्यक परेको बिरामी अस्पतालमा आएमा बिरामीले त्यो सेवा उपभोग गर्न पाउँदैनन् । तत्कालीन कोभिड-१९ को सङ्क्रमण बेला भित्र्याइएका ती भेन्टिलेटर अहिलेसम्म पनि प्रयोगमा आउन नसकेका हुन् । लामो समयसम्म प्रयोगमा नआउँदा उपकरण कामै नलाग्ने अवस्थामा पुगेका छन् ।

गण्डकी प्रदेश सरकारको रु एक करोड ६९ लाख लगानीमा आइसीयू र भेन्टिलेटर तयार पारिएको थियो । यसबाहेक लायन्स क्लबदेखि अन्तर र्ष्ट्रिय सहयोगबाट आएका भेन्टिलेटरको सङ्ख्या अहिलेसम्म सात पुगेको छ । तर ती भेन्टिलेटरमा अहिलेसम्म पनि एकजना बिरामीको उपचार गर्न पाइएको छैन ।

पाँच वर्षअघि अस्पतालको पुरानो भवनमा आइसीयू कक्ष निर्माण गरिएको थियो । तीनजना डाक्टर र तीनजना नर्सले भेटन्टिलेटर सञ्चालनका लागि पोखराबाट यसको तालिम पनि गरेर आए तर उनीहरूले सिकेको भेन्टिलेटर सीप पनि प्रयोगमा आउन पाएको छैन । पन्ध्र शय्याबाट ५० शय्यामा स्तरोन्नति भएको पर्वत अस्पताल पुरानो संरचनाबाट नयाँ संरचनामा सारिएको छ । सुविधासम्पन्न भवन बनेपछि पुराना भवनका सामग्री र सेवा नयाँ भवनमा सारिएको हो । त्यस क्रममा जडान भएका भेन्टिलेटर पनि निकालेर नयाँ भवनमा सुरक्षित तरिकाले थन्क्याइएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले जानकारी दिनुभयो ।

भेन्टिलेटर सञ्चालन गर्नका लागि आवश्यक दक्ष जनशक्ति नभएकै कारण आइसीयूमा प्रयोग हुने सबै सामग्री थन्क्याएर राखिएको उहाँले बताउनुभयो । एउटा भेन्टिलेटर चलाउन छुट्टै डक्टर, एकजना एनेस्थेसियालोजिष्ट, एकजना स्टाफ नर्स र एकजना कार्यालय सहयोगीको आवश्यकता पर्ने उहाँको भनाइ छ । सातवटा भेन्टिलेटर चलाउन २८ देखि ३० जनासम्म जनशक्ति आवश्यक हुने भए पनि एकजना पनि नहुँदा समस्या भएको उहाँले बताउनुभयो । "पहिले त यसलाई ५० शय्या क्षमताको अस्पतालका रूपमा सरकारले स्वीकृति दिनुपर्छ । त्यही हिसाबको कन्सल्टेन्ट आउनुहुन्छ । पन्ध्र शय्या अनुमति भएको अवस्थामा यो सञ्चालन गर्न सकिँदैन", उहाँले भन्नुभयो । कोभिड-१९ को सङ्क्रमण चरम अवस्थामा रहेका बेला जिल्लावासीले भेन्टिलेटर खोज्दै पोखरा पुग्न नपरोस् भनेर सहयोगीले पनि तत्कालै सहयोग गरेका थिए । झण्डै रु पाँच करोडभन्दा बढी मूल्यका ती सामग्री थन्क्याएर राखेको भए पनि बेलाबेलामा परीक्षण र मर्मत भने गर्ने गरिएको अस्पतालको दाबी छ । स्वास्थ्य सेवा विभागले छात्रवृत्ति करारका डक्टर पठाइदिए वा प्रदेशले विज्ञापन नै खुलाएर जनशक्ति पठाएका अवस्थामा मात्रै भेन्टिलेटर सञ्चालन गर्न सकिने अस्पतालले जनाएको छ । अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले यसबारेमा प्रदेश सरकारमा पटकपटक कुरा गरे पनि अहिलेसम्म सुनुवाइ नभएको बताउनुभयो । राज्यको लगानी सही ठाउँमा नहुँदा महँगा सामग्री प्रयोगविहीन भएको र जनताले त्यो सुविधा पाउन नसकेको उहाँको भनाइ छ ।

अस्पतालमा रहेका स्रोत र साधनलाई प्रयोगमा ल्याउन सक्ने जनशक्ति सरकारले दिए यो क्षेत्रका बासिन्दा पोखरा, काठमाडौँ जानुपर्ने अवस्थाको अन्त्य हुने उहाँको भनाइ छ । "हामीसँग स्रोत भएर के गर्नु ? यहाँ रहेका भेन्टिलेटर सञ्चालन गर्ने हो भने मुस्ताङदेखिका बिरामीले पर्वत अस्पतालमै सेवा पाउने थिए तर प्रदेशले यो किन देखिरहेको छैन ?", गिरीले भन्नुभयो ।

'भेन्टिलेटर' प्राप्त गर्ने र जडान गर्ने बेला अस्पताल विकास समितिको अध्यक्ष रहेका गोविन्द पहाडीले सरकारले जनशक्ति नदिएकै कारण अस्पतालले समस्या भोगिरहेको बताउनुभयो । पहाडीका अनुसार बच्चाका लागि समेत 'चाइल्ड आइसीयू' बनाउन 'पेड्रीयाट्रिक वार्ड' को निर्माण गर्ने भनेर सरकारले दिएको रु दुई करोडबाट सामग्री किनिएका थिए । त्यहीबेला लायन्स क्लबले समेत भेन्टिलेटर दिए भने थप सामग्री अस्पताल आफैँले किनेको थियो । "सबै भयो जनशक्ति भएनन् । यहाँको निजी स्रोतबाट जनशक्ति राख्दा एक महिना त पालिएला, दोस्रो महिनाबाट तलब कसरी खुवाउने ? यसमा खास तीनजना डक्टर चाहिने रहेछन् । एकजना इन्टरनल मेडिसिन पढेको, एकजना एनेस्थेसियोलोजिष्ट, एकजना नेफ्रोलोजिष्ट चाहिने रहेछ", उहाँले भन्नुभयो, "यी तीनजना नै नभएसम्म डक्टरले रिस्क नलिने रहेछन् ।"

पर्वत अस्पतालमा आइसीयू र भेन्टिलेटरको सुविधा भइदिएको भए पोखरा र काठमाडौँका अस्पतालमा जान सक्ने उतै गए पनि आर्थिक समस्यामा रहेकाहरूले भने जिल्लामा जीवन बचाउने मौका पाउन सक्ने उहाँको गुनासो छ ।

# नयाँ सहर आयोजना: आठ वर्षमा ९५ करोड लगानी

**पोखरापत्र संवाददाता**
दमौली, १९ भदौं

नयाँ सहर आयोजना डुम्रे भन्सारले आठ वर्षमा रु ९५ करोड बढी लगानी गरेको छ । जिल्लाको भानु नगरपालिका-१ मा स्थापना भएको कार्यालयले आर्थिक वर्ष २०७२/७३ देखि गत आवसम्म विभिन्न योजनामा रु ९५ करोड ८७ लाख लगानी गरेको हो ।

कार्यालयले भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, सांस्कृतिक तथा पर्यटन, आर्थिक पूर्वाधारलगायत क्षेत्रमा बजेट लगानी गर्दै आएको कार्यालयका निमित्त प्रमुख अभिषेक अधिकारीले बताउनुभयो । आव २०७२/७३ मा रु तीन करोड ७४ लाख विनियोजन भएकामा रु दुई करोड ३६ लाख, आव २०७३/७४ मा रु १३ करोड २६ लाख विनियोजन भएकामा रु आठ करोड ८० लाख, आव २०७४/७५ मा रु २० करोड ६१ लाख विनियोजन भएकामा रु १९ करोड २४ लाख खर्च भएको अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार आव २०७५/७६ मा रु चार करोड ९१ लाख, आव २०७६/७७ मा रु १० करोड २९ लाख, आव २०७७/७८ मा रु १३ करोड ४९ लाख, आव २०७८/७९ मा रु १० करोड ८५ लाख, आव २०७९/८० मा रु १० करोड ४४ लाख र गत आवमा रु १७ करोड ३७ लाख विनियोजन भएकामा रु १५ करोड ४४ लाख खर्च भएको छ । कार्यालयमार्फत हालसम्म भौतिक पूर्वाधारतर्फ सडक सञ्जाल तथा यातायातअन्तर्गत सडक कालोपत्र, ढल निर्माण, ग्राभेल र कच्ची सडक निर्माण भएको छ । यस कार्यमा रु ६३ करोड लगानी भएको छ । ढल व्यवस्थापनतर्फ ४३ किलोमिटर नाली निर्माण गरिएको अधिकारीले जानकारी दिनुभयो । बिजुली तथा सञ्चारतर्फ सोलार बत्ती जडानमा रु दुई करोड ९० लाख लगानी भएको छ । सामाजिक पूर्वाधारतर्फ हरित उद्यान, किरियापुत्री भवन, ज्येष्ठ नागरिक भवन, सिँढी, मञ्च र शौचालय निर्माणमा भएको अधिकारीले बताउनुभयो।सांस्कृतिक तथा पर्यटनतर्फ सिद्धगुफामा पूर्वाधार, तालपार्कको विस्तृत अध्ययन प्रतिवेदन र स्टोन पार्क निर्माणमा रु दुई करोड लगानी भएको छ । कार्यालयले ३४.७८ किमी सडक ग्राभेल, १.२४ किमी ढलान, २०.३० किमी कालोपत्र, ४४.६२ किमी नाला निर्माण, तीनवटा सामुदायिक भवन, एउटा सरकारी कार्यालय भवन, एउटा खेलमैदान, दुईवटा मनोरञ्जन पार्क र एउटा खानेपानी योजना निर्माण गरेको जनाएको छ ।

कार्यालयले डुम्रे भन्सार जग्गा एकीकरण आयोजनाको प्रक्रिया सुरु गरेको छ । सोका लागि छ सय ४३ रोपनी जग्गा पहिचान गरिएको अधिकारीले जानकारी दिनुभयो । विसं २०७४ पुस १० गते आयोजनाको चारकिल्लासहित नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो । विसं २०७७ पुस १२ मा अन्तिम प्रतिवेदन बुझाइएको भन्दै बाटोको किल्ला तोक्ने कार्य सकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "नगर विकास समितिबाट स्वीकृत भई जग्गा अधिग्रहण र जग्गाको कित्ता कायम गर्न बाँकी छ ।" गत आवमा कार्यालयबाट बाह्रपिर्के हाट बजारको परिसर स्तरोन्नतिमा ८० प्रतिशत प्रगति हासिल भएको छ । पालुङटार स्मार्ट सिटीमा स्मार्ट डिजिटल जडान गर्नका लागि रु ७६ लाख ६५ हजार छ सय ४७ मा सम्झौता भएकामा शत्प्रतिशत प्रगति हासिल भएको अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ सहर आयोजनाको अपूरो भवन निर्माण गर्न रु दुई करोड १९ लाख ९९ हजारमा सम्झौता भएमा शत्प्रतिशत प्रगति भएको छ । नयाँ सहर आयोजनाका निमित्त प्रमुख अधिकारीले पालुङटार स्मार्ट सिटीमा शिवमन्दिर, खोप्लाङ, लुङ्गी, ज्योतिचौतारा, सडक स्तरोन्नतिका लागि रु एक करोड ७० लाख तीन हजार छ सय चारमा सम्झौता भएकामा शत्प्रतिशत प्रगति भएको उल्लेख गर्नुभयो । डुम्रे भन्सार नारेश्वरटार सडक स्तरोन्नतिका लागि रु ७१ लाख सात हजार तीन सय चारमा सम्झौता भएकामा ६० प्रतिशत भौतिक र ५७ दशमलव सात प्रतिशत वित्तीय प्रगति भएको छ । बन्दीपुर-४ तल्लो डुम्रे चुनेढाड, खहरे, बिरुवा, आलेगाउँ हुँदै शिखरडाँडा जोड्ने कच्ची मोटरमार्ग र ढाप्रेबाट बन्दीपुर केबलकारको स्टेसनसम्म जोड्ने सडक स्तरोन्नतिमा शत्प्रतिशत प्रगति हासिल भएको अधिकारीले जानकारी दिनुभयो । आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरि १० नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरुप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साबिकको भानु गाविस-१, २, ३, ४ र साबिकको बन्दीपुर गाविस-१, २, ३ र ४ समेटी नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरुखात भएको हो ।

## ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपसिल उल्लेखित ऋणीहरुले व्यावसायिक तथा व्यक्तिगत प्रयोजनको लागि लिनुभएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज र अन्य दै-दस्तुर नवुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकाले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाबाट लिएको ऋण चुक्ता भुक्तान गर्न नआउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखि तपाइले लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै-दस्तुर समेत चुक्ता गर्नुहोला । अन्यथा यस संस्थाको विनियम तथा सहकारी ऐन नियमले दिएको अधिकार प्रयोग गरी प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री प्रक्रियाबाट सम्पूर्ण रकम असुल उपर गर्न लिलाम प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. स. | ऋणिको विवरण | धितो विवरण | धनजमानी दिने व्यक्तिको नाम |
|---|---|---|---|
| १. | **ऋणि : पदम सिङ गुरुङ**<br>बाबुको नाम : बिलबहादुर गुरुङ<br>बाजे को नाम : चामसिङ गुरुङ<br>ठेगाना : भलाम वडा नं-८, कास्की<br>(हाल पोखरा म.न.पा वडा नं २० पोखरा, कास्की)<br>ना.प्र.प.नं. २१३२<br>जारी मितिः २०४८।१०।०९ (जि.प्र.का.कास्की) | अर्मला-८ कास्की<br>कित्ता नं. ८४ क्षेत्रफलः-<br>१३-१२-२-०(७०११.००)<br>ब.मि. | जमानी : राज कुमारी गुरुङ<br>पतिको नाम : पदम सिङ गुरुङ<br>ससुराको नाम : चामसिङ गुरुङ<br>ठेगाना भलाम वडा नं-८, कास्की<br>(हाल पोखरा म.न.पा वडा नं २० पोखरा, कास्की),<br>ना.प्र.प. न. ८०२,<br>जारी मिति : २०४७।११।०९ जि.प्र.का. कास्की) |
| २. | ऋणि : भोटे दमाई<br>बाबुको नाम : पुर्ने दमाई<br>बाजे : केवले दमाई<br>ठेगाना : ल्वाङ्गघलेल गा.वि.स. वडा नं-१, कास्की<br>(हाल पोखरा म.न.पा वडा नं ०५, कास्की),<br>ना.प्र.प. नं. ४५९,<br>जारी मिति :२०४६।१२।१० (जि.प्र.का. कास्की) | धितोको विवरणः पोखरा<br>उ.म.न.पा -०५, कास्की<br>कित्ता नं. १०,<br>क्षेत्रफलः-०-०-०-०<br>(१०४.३५ ब.मि.) | जमानी : मुना दमाई पति : भोटे दमाई<br>ससुरा : पुर्ने दमाई<br>ठेगाना : पोखरा वडा नं-०५, कास्की<br>(हाल पोखरा म.न.पा. वडा नं-०५, कास्की,<br>ना.प्र.प. न. ४६३००१/२१३९<br>जारी मिति : २०६३।११।११ (जि.प्र.का. कास्की)<br>जमानी : निलम खड्का पति : गणेश अधिकारी<br>ससुरा : पुर्ण भद्र अधिकारी<br>ठेगाना : ध्यालचोक वडा नं-०३, गोरखा<br>(हाल पोखरा म.न.पा. वडा नं-०५, कास्की<br>ना.प्र.प. न. ४६/१००१/११६३८<br>जारी मिति : २०६७।०३।०९ (जि.प्र.का. कास्की) |
| ३. | ऋणि : छत्र बहादुर गुरुङ<br>बाबुको नाम : डिल बहादुर गुरुङ<br>बाजे : खटन सिं गुरुङ<br>ठेगाना : साविक बाँगेफड्के गा.वि.स. वडा नं-५ स्याङ्जा, हाल पोखरा म.न.पा. वडा नं. ०७, कास्की)<br>ना.प्र.प. नं. ५२४५<br>जारी मिति :२०४२।११।२३<br>(जि.प्र.का. स्याङ्जा) | धितोको विवरण : साविक पोखरा उ.म.न.पा.वडा नं-७, कास्की हालः पोखरा म.न.पा. वडा नं-०७<br>कित्ता नं. ५५,<br>क्षेत्रफल :- ०-०-०-०<br>(३०९.५० ब.मि.) | जमानी : अशोक कुमार गरुङ<br>बाबु : प्रेम प्रसाद गुरुङ<br>बाजे : सिंह राज गुरुङ<br>ठेगाना : साविक बाँगेफड्के गा.वि.स. वडा नं-७, स्याङ्जा<br>(हाल पोखरा म.न.पा. वडा नं. ०८, कास्की)<br>ना.प्र.प. न. ६७१५८<br>जारी मिति : २०५९।०२।०२६ (जि.प्र.का. स्याङ्जा) |
| | | | जमानी : सीता गुरुङ<br>पतिः क्षत्र बहादुर गुरुङ<br>ससुरा : डिल बहादुर गुरुङ<br>ठेगाना : साविक बाँगेफड्के गा.वि.स. वडा नं-५, स्याङ्जा, हाल पोखरा म.न.पा. वडा नं. ०७, कास्की)<br>ना.प्र.प. न. ४४९२१,<br>जारी मिति :२०५५।०२।१९<br>(जि.प्र.का. स्याङ्जा) |
| ४. | ऋणि : गोविन्द लामिछाने<br>बाबुको नाम : मनिरत्न लामिछाने<br>बाजेको नाम : प्रजापति लामिछाने<br>ठेगानाः चापाकोट वडा न.ं- ७, कास्की<br>(हाल पोखरा मा.न.पा. वडा नं २३, कास्की)<br>ना.प्र.प. नं. १७१२००<br>जारी मिति : २०६३।०५।०५, (जि.प्र.का. कास्की) | धितोको विवरणः चापाकोट -०७, कास्की (हाल पोखरा मा.न.पा. वडा नं २३, कास्की)<br>कित्ता नं. १४०७/१९२०,<br>क्षेत्रफलः- १-४-०-२/<br>१-४-१-१ (१२८५.७२ ब.मि.) | जमानी : समिक्षा भगाई (लामिछाने)<br>पतिः गोविन्द लामिछाने<br>ससुरा : मनिरत्न लामिछाने<br>ठेगाना : ढिकुरपोखरी वडा नं-१, कास्की पोखरा मा.न.पा. वडा नं २३, कास्की),<br>ना.प्र.प. न.४६१०४५/४१६<br>जारी मिति : २०६६।०३।०८ (जि.प्र.का. कास्की) |
| | **व्यक्तिगत ऋण** | | |
| ५. | ऋणि : हेमराज शर्मा<br>ना.प्र.प.नं. १६६५–१०७४ | बुबा : केशवराज पौडेल<br>बाजे : जय नारायण पौडेल | बाग्लुङ् जिल्ला जैमिनी वडा नं-०८<br>(हाल पोखरा म.न.पा वडा नं ०८ कास्की) |
| ६. | ऋणि : अञ्जु नेपाली<br>ना.प्र.प. नं. ५०९५१/३०७२<br>जारी मिति :२०५७।०१।२१ (जि.प्र.का. बागलुङ) | बाबुको नामः कर्ण बहादुर नेपाली<br>बाजेको नाम : मान बहादुर नेपाली | साविक बुर्तिवाङ्ग वडा नं-१, बागलुङ्ग<br>(हाल पोखरा म.न.पा. वडा नं-१४, कास्की, |
| ७. | ऋणि : विनिता खतिवडा<br>जारी मिति :२०५८।१२।२३ (जि.प्र.का. कास्की) | पतिको नाम : शुशिल खतिवडा<br>ससुराको नामः भिमनाथ शर्मा खतिवडा | साविक पोखरा लेखनाथ वडा नं-०६, कास्की<br>(हाल पोखरा म.न.पा. वडा नं-०६<br>कास्की, ना.प्र.प.नं. १२४३८० |
| ८ | ऋणि : संगिता परियार<br>ना.प्र.प. नं. ४६-०१-६९-०५४४८<br>जारी मिति :२०६९।११।१३ (जि.प्र.का. कास्की)<br>जमानी : विकास परियार<br>बाबु : टिकाराम परियार<br>बाजे : विर बहादुर परियार<br>ना.प्र.प.न. १४९९३८, जारी मिति :२०६१।०५।०८<br>(जि.प्र.का.कास्की) | पतिको नाम : विकास परियार<br>ससुराको नाम : टीकाराम परियार | साविक आर्वा विजय वडा नं. ०५, कास्की<br>(हाल पोखरा म.न.पा. वडा नं-०९ कास्की) |
| ९ | ऋणि : गोकर्ण सापकोटा<br>ना.प्र.प.नं. ३०५७८,<br>जारी मितिः२०५१।११।२१ (जि.प्र.का. कास्की) | बाबुको नामः भविलाल सापकोटा<br>बाजेको नामः पदमलाल सापकोटा | साविक थुमाकोडाँडा वडा नं-०७, कास्की<br>(हाल पोखरा म.न.पा. वडा नं-११, कास्की |
| १० | ऋणि : तिल बहादुर जि.टी.<br>ना.प.प.नं. १८०७४,<br>जारी मिति :२०५१।०२।१२ (ज.प्र.का.स्याङ्जा) | बाबुको नामः जय बहादुर जि.टी.<br>बाजेको नामः भक्तबहादुर जि.टी. | ठेगाना : साविक चण्डिकालिका वडा नं-४, स्याङ्जा (हाल पोखरा म.न.पा. वडा नं-०९, कास्की |
| ११ | ऋणि : किसन पयिार<br>ना.प्र.प.नं. ३२४८,)<br>जारी मिति :२०४८।०७।१२ जि.प्र.का. कास्की | बाबुको नाम : धन बहादुर परियार<br>बाजेको नाम : मुक्तिराम परियार | ठेगाना : साविक पोखरा उ.म.न.पा.वडा नं-१५, कास्की |

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.**
**Sanchar Saving & Credit Co-Operative Society Ltd.**
Pokhara-9, Newroad, Tel.: 061-577166, Email: sancharsaving55@gmail.com